# सम्पादकीय

हाम्रो वन सम्पदाको यस अङ्कले नेपालमा तीन दशक देखि सञ्चालित समुदायमा आधारित विभिन्न ६ प्रकारका वन व्यवस्थापनका प्रारूपहरुलाई समेटेको छ । ती हुन्: सामुदायिक वन, कबुलियती वन, जलाधार व्यवस्थापन, साझेदारी वन व्यवस्थापन, एकिकृत संरक्षण तथा विकास र मध्यवर्ति क्षेत्र । यस अङ्कमा ती ६ प्रकारका प्रारूपहरूबाट सिकेका पाठहरूलाई एकत्रित र लिपिवद्ध गरी यहाँहरू समक्ष ल्याउने जमर्को गरेका छौं ।

यस पत्रिकाका लेखकहरूले आफ्ना लेख मार्फत नेपालमा कसरी र कुन अवस्थामा समुदायमा आधारित विभिन्न वन व्यवस्थापन कार्यक्रमहरू विकसित भए र यिनले सामाजिक, आर्थिक तथा पारिस्थितिकिय सन्दर्भहरूमा स्थानीय रूपमा जनजीविका तथा वातावरणीय सेवाहरू प्राप्त गर्न के कस्ता अवधारणाहरू प्रस्तुत गरे भन्ने विषयमा छलफल गरेका छन् ।

यस अङ्कले समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रममा लागेका सम्पूर्ण संघसंस्था, प्रमुख सरोकारवाला र हाम्रा नियमित पाठकहरूलाई समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरूलाई अझ नजिकिएर बुझ्न मद्दत पुऱ्याउने छ । साथै यसले उपरोक्त ६ प्रकारका वन व्यवस्थापन प्रारूपमा भएका व्यवस्थापन, सुशासन र प्रक्रियाहरूबारे नयाँ जिज्ञासा समेत जन्माउँदछ भन्ने अपेक्षा समेत लिएका छौं ।

यो पत्रिका सन् २००७ प्रकासित फरेष्टएक्शनको अङ्ग्रेजी पत्रिका “जर्नल अफ फरेष्ट एन्ड लाइभलिहुड”को नेपाली रूपान्तरण हो । स्थानीय समुदाय र प्रमुख सरोकारवालहरूबाट धेरै माग भई आएको हुनाले हामीले उक्त पत्रिकाको नेपाली अनुवाद यहाँहरू समक्ष पुऱ्याउने प्रयास गरेका छौं । केही लेखहरू जस्ताको त्यस्तै अनुवाद गरेका छौं भने केही चाहि लेखकहरू आफैले थप जानकारीका साथ नेपाली भाषामा उपलब्ध गराउनु भएको छ ।

अन्तमा आफ्नो अमुल्य रचना, विचार, सल्लाह र सुझावहरू दिई यस पत्रिकाको निरन्तरताको लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगी मित्रहरूलाई धन्यवाद दिँदै आगामी अङ्कहरूमा पनि यहाँहरूको निरन्तर योगदान पाउने अपेक्षा गर्दछौं ।

सम्पादक